निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

महोत्तरी

फोन नं. : ०४४-५२०२६२

पत्र संख्या: ०७९/८०

चलानी नं. ६०

मिति: २०७९।०५।२३

**विषयः निर्वाचन खर्चको विवरण सम्वन्धमा ।**

श्री जिल्ला समन्वय समिति, महोत्तरी

श्री स्थानीय तह (सवै), महोत्तरी

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको मिति २०७९।०५।१४ गतेको निर्णयानुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ को नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा तथा जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने तथा नगर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको यसै संलग्न विद्युतीय विवरण तथा मिति २०७९।०५।२३ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्वन्धी सूचना र तोकेको समयावधिमा निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्वन्धी सूचना गरी जम्मा दुई वटा सूचना तहाँ कार्यालयको Website मा र कार्यालयमा सबैले देखिने गरी सो नाम नामेशी सहितको विवरण र सूचना प्रकाशन गरी सोको रितपूर्वकको मुचुल्का तयार गरी यस कार्यालयमा पठाईदिनुहुन सादर अनुरोध छ ।

(सुवोध कुमार महतो)
जिल्ला निर्वाचन अधिकारी
**जिल्ला निर्वाचन अधिकारी**



["फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं"]

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण कार्यालयको ... कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

निर्देशक

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरुका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरुमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

। शौचालय, छ। आवास

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।